bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।

सम्पर्क : ०६५-५६३९०७

Email : bhanjyangdml@gmail.com

वर्ष ४१ अंक २५८ | २०७९ माघ २७ गते शुक्रबार, नेपाल सम्वत् ११४३ February 10, 2023 | पृष्ठ ४ | मूल्य : रू. ५/-

# बाख्रा फार्ममा आगलागि हुँदा ६० लाख बराबरको क्षति

**भञ्ज्याङ समाचारदाता/बन्दिपुर**

तनहुँको बन्दिपुर गाउँपालिका-५ याम्पा स्थित कुमालटारी बाख्रा सञ्चालन गरेको कृषि फार्ममा विहीबार दिउँसो करिब २ बजेको समयमा आगोलागि भएको थियो ।

आधुनिक बाख्राको खोर करिब १२० वटा बाख्रा र २०० वटा कुखुरा पाल्दै आइएको थियो। वडा अध्यक्ष लामिछानेका अनुसार दिउँसोको समयमा आगोलागि भएको



बन्दिपुर-५ याम्पामा आगोलागिबाट जलेको बाख्राको खोर र जल्दै गरेको परालको टौवा । *तस्विर : भञ्ज्याङ*

फार्ममा आगलागि हुँदा करिब ६० लाख रूपैयाँ बराबरको क्षति भएको छ । स्थानीय तीन जना कृषकले निर्माणका क्रममा विद्युत सर्ट भएर आगलागि भएको वडा अध्यक्ष ध्रुव लामिछानेले बताए । कृषि फार्ममा हुँदा खोरमा रहेका बाख्रालाई बाहिर निकाल्न सफल भएपनि केही कुखुरा भने जलेका छन् ।

कृषकहरू चेतप्रसाद तिवारी, कुलप्रसाद तिवारी र विष्णु अम्गाईले संयुक्त रूपमा उक्त कृषि फार्म सञ्चालन गर्दै आएका थिए । करिब दुई करोड रूपैयाँ लगानि गरिएको उक्त कृषि फामलाई आधुनिक बनाउने गरी काम सञ्चालन भइरहेको कृषकहरूले बताएका छन् ।

विद्युत लाइनको प्रयोग गरी काम भइरहेको स्थानमा पराल राखिएको र उक्त परालमा अचानक आगो सल्कन गएको बताइएको छ। राजमार्ग स्तरोन्नतीको काममा खट्टिएका पानी ट्याङकर, बन्दिपुर गाउँपालिका र व्यास नगरपालिकाको दमकल, स्थानीय, सशस्त्र प्रहरी तथा नेपाल प्रहरीको सहयोगमा करिब चार घण्टा पछि आगो नियन्त्रणमा लिएको थियो । उक्त आगलागिबाट कृषि फार्ममा रहेका बाख्रा तथा कुखुराको खोर ८० प्रतिशत भन्दा बढि जलेर काम नलाग्ने अवस्थामा पुगेको कृषक चेतप्रसाद तिवारीले बताएका छन्। आगलागिबाट भएको क्षतिको पूर्ण विवरण बाँकी रहेको तनहुँ प्रहरीले जनाएको छ ।

# ऐनापहराका ढुंगामा भगवान्का आकृति कोरिंदै

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँको आँबुखैरेनी गाउँपालिकास्थित पृथ्वीराजमार्गको आडैमा ऐनापहरा छ । आँबुखैरेनी गाउँपालिका-२ मा रहेको ऐनापहरा गाउँपालिकाको पर्यटकीय गन्तव्यमध्येको एक गन्तव्य हो । ऐनापहरा आउने पर्यटकलाई थप आकर्षित गर्न गाउँपालिकाले यहाँका ढुंगामा भगवानका आकृति बनाउन सुरू गरेको छ । ऐनापहरालाई थप आकर्षक बनाउन प्राकृतिक ढुंगामा भगवान्का आकृति कुद्न सुरू गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो ।

“पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित ऐनापहरामा पार्क निर्माणको कामलाई तीव्रता दिएका छौँ, कालीगढ यतिबेला ढुङ्गामा भगवान्का आकृति कुध्न व्यस्त हुनुहुन्छ”, चुमानले भन्नुभयो । गाउँपालिकाले स्थानीय कालीगढलाई काममा लगाएर रोजगारीको अवसर प्रदान गरेको छ ।

ऐनापहरामा पार्क निर्माणका लागि चालू आर्थिक वर्षमा रू एक करोड ४० लाख बजेट विनियोजन गरिएको छ । “ऐनापहरालाई तनहुँको मात्र नभई गण्डकी प्रदेशकै उत्कृष्ट पर्यटकीय गन्तव्य बनाउने सोच राखेका छौं”, चुमानले भन्नुभयो, “सोहीबमोजिम अहिले भइरहेको ठाउँलाई थप आकर्षण बनाउन काम सुरू भएको छ ।”



गण्डकी प्रदेशको प्रवेशद्वारमा रहेको ऐनापहरामा मनमोहक झरना छ । कलकल बगेको पानी, हरियाली जंगल, खोँचबाट झरेको पानीले ऐनापहरा झरना पुग्ने जो कसैको पनि मन लोभ्याउँछ । थकित मुद्रामा यहाँ पुग्ने आनन्दित भएर फर्किन्छन् ।

पृथ्वीराजमार्गबाट एक मिनेटको दूरीमा पुगिने ऐना पहरा झरना आकर्षक पर्यटकीयस्थलका रूपमा विकास हुँदै गएको छ । राजमार्ग भएर यात्रा गर्ने सर्वसाधारणको विश्रामस्थलका रूपमा पनि

बाँकी अन्तिम पेजमा

# वायु प्रदूषणको जोखिममा पोखरा

**धनबहादुर गुरूङ/कास्की**

स्वच्छ र सफा भएकै कारण पोखरा धेरै पर्यटकको रोजाइमा पर्ने गरेको छ । यहाँको स्वच्छ हावापानीको मज्जा लिँदै प्राकृतिक सौन्दर्यतामा रमाउन बर्सेनि हजारौँ पर्यटक पोखरा आउने गर्छन् । पछिल्लो समय पर्यटकीय नगरी पोखरा वायु प्रदूषणको चपेटामा पर्दै गएको छ । एक तथ्याङ्कअनुसार पोखराको वायु प्रदूषण दिनानुदिन बढ्दै गएको छ । स्वच्छ ऊर्जा नेपालले गरेको सर्वेक्षणको तथ्याङ्कअनुसार पोखरामा यसको दर बढिरहेको छ । सो संस्थाले पोखरामा वायु प्रदूषण मापन यन्त्र राखेर अध्ययन थालेको छ ।

संस्थाले पोखरामा राखेको मापन केन्द्रले बुधबार ८:३० बजेको समयमा हावामा प्रदूषणको सूचक तीन सय ५१ देखाएको स्वच्छ ऊर्जा नेपालका कार्यक्रम संयोजक वर्षा पराजुलीले जानकारी दिनुभयो । पोखरामा दैनिक, मासिक, त्रैमासिक तथ्याङ्कमा वायु प्रदूषण मात्रा बढ्दै गएको उहाँको भनाइ थियो। “हामीले सन् २०२२ देखि नै यो डिभाइस राखेर तथ्याङ्क लिने काम गरेका छौँ”, पराजुलीले भन्नुभयो, “पहिला महेन्द्रपुलमा राखेका थियौँ, त्यहाँ सवारी आवागमन धेरै हुने भएकाले धेरै नै देखाउने भयो, अहिले नयाँबजार क्षेत्रमा राखेका छौँ, यहाँ पनि दिनानुदिन प्रदूषण इन्डेक्स बढ्दै गएको छ ।”

सो यन्त्रको सूचकअनुसार शून्य देखि ५० सम्मलाई राम्रो, ५० देखि एक सयसम्मलाई नराम्रो, एक सयदेखि दुई सयसम्म



अस्वस्थकर, दुई सयदेखि तीन सयसम्म अति अस्वस्थकर र तीन सयदेखि माथि खतरनाक मानिने उहाँले जानकारी दिनुभयो ।

पोखरामा बिहान ८ देखि दिँउसो १२ बजेसम्म प्रदूषणको मात्रा बढी हुने गरेको स्वच्छ ऊर्जा नेपालका प्राविधिक सल्लाहकार डा भूपेन्द्र दासले बताउनुभयो । यन्त्रबाट मापन गर्दा बढ्दोक्रममा भेटिएकाले पोखराले वायु प्रदूषण कम गर्ने विषयमा सोच्ने बेला भएको उहाँले बताउनुभयो । “नोभेम्बर-डिसेम्बरमा अलि बढी नै वायु प्रदूषण हुन्छ”, उहाँले भन्नुभयो, “तर अन्य समयमा समेत बढ्दो स्थितिमा छ ।”

जाडोयाममा पानी नपरेका कारण पनि वायु प्रदूषण बढेको प्राविधिक सल्लाहकार डा दासले बताउनुभयो । “वायु प्रदूषण कम हुनका लागि वर्षाको ठूलो भूमिका हुन्छ, यसपटक पोखरामा पानी परेन, यसले गर्दा पनि प्रदूषण झनै बढेको छ”, उहाँले भन्नुभयो, “अर्को कारण काठमाडौँमा जस्तै विकासका काम भइरहेका छन्, यसले पनि प्रदूषणमा बढिरहेको छ ।”

डिजल पेट्रोलबाट चल्ने सवारीसाधन, निर्माण क्षेत्रबाट आउने प्रदूषण पनि वायू प्रदूषणको कारक हो। उद्योग, निर्माणस्थल, फोहर तथा कृषिउपज जलाउनु साथै वरिपरिका डाँडाका वनजंगलमा डढेलो लाग्नाले पनि पोखराको वायु प्रदूषण वृद्धि भएको डा दासले बताउनुभयो ।

यसले गर्दा पोखरावासीसँगै यहाँको पर्यटन क्षेत्रलाई असर गर्ने डा दासले बताउनुभयो। “वायु प्रदूषण बढ्नु भनेको स्वास्थ्यमा जोखिम बढ्नु हो”, उहाँले भन्नुभयो, “पर्यटक नेपाल आउनुअघि वायु प्रदूषणको मापन चेक गर्छन्, त्यो बेला प्रदूषण बढेको भेटिएमा स्वास्थ्य जोखिममा राखेर को चाहिँ पर्यटक आउलान् र ?”

प्रदूषण बढ्नेबित्तिकै मानव स्वास्थ्यमा नकारात्मक असर पर्ने डा दासले बताउनुभयो। उहाँका अनुसार तत्काल रूघाखोकी, आँखा चिलाउने, टन्सिल, एलर्जीलगायत समस्या देखा पर्छन् । दीर्घकालमा मुटुसम्बन्धी रोग देखा पर्ने, हृदयघात, फोक्सो, स्वासप्रस्वासमा समस्या देखिन्छ ।

पोखराको बढ्दो वायु प्रदूषण रोक्न सरोकारवाला सजग हुनुपर्ने डा दासले सुझाव दिनुभयो । डिजल पेट्रोलबाट चल्ने

बाँकी अन्तिम पेजमा

# संघीयता र शासकीय व्यवस्थामा पुन:विचार गर्नुपर्छ : सासंद भण्डारी

**भञ्ज्याङ समाचारदाता/म्याग्दे**

प्रतिनिधीसभा सदस्य शंकर भण्डारीले संघीयता र राज्यको शासकीय व्यवस्थामा पुनःविचार गर्नुपर्ने बताएका छन् । म्याग्दे गाउँपालिका वडा नं ६ को नवनिर्मित कार्यालय भवनको विहीबार उद्घाटन गर्दै उनले



उक्त कुरा बताएका हुन् ।

स्थायी सरकार बनेर देश विकास र निर्माणमा लाग्नुपर्नेमा सरकारको रवैया हेर्दा त्यस्तो नदेखिएको बताउँदै सांसद भण्डारीले अब फेरि पनि देश अस्थिरतातर्फ उन्मुख भएको बताए ।

‘देशको कानुन, विधि र पद्धती सबैले मान्नुपर्ने तर देशमा नयाँ शक्तिको रूपमा उदाएको शक्तिले कानुनको विधि र पद्धती नमानेको कारण बाहिरिनु पर्‍यो’, उनले भने, ‘सरकारसँग बजेट नहुँदा ठुलठुला योजनामा समस्या परेको छ । देशमा आर्थिक संकट आईपरेको छ ।’

संघीयताले देश विकासमा सहजता थपेता पनि यसको मोडलमा पुन:विचार गर्नुपर्ने बताउँदै उनले भने, ‘केन्द्र सरकार र पालिका सरकारले मात्र देश विकास हुने हुँदा प्रदेशको संरचनाले झन अस्थिरता निम्ताएको छ । साँच्चै विकास निर्माण गर्ने हो, गाउँबाटै गर्ने हो र त्यसका लागि पालिका नै बलियो बनाउनुपर्छ ।’ वडा नं. ६ का वडाध्यक्ष हिरावहादुर गुरूङको अध्यक्षतामा आयोजित कार्यक्रममा गण्डकी प्रदेस सदस्य श्यामराजा महत, पालिकाका अध्यक्ष श्रीप्रसाद श्रेष्ठ, उपाध्यक्ष वालकृष्ण घिमिरे, पुर्व पालिका अध्यक्ष मायादेवी राना, प्रमुख प्रशासकीय अधिकृत नारायण प्रसाद अधिकारी लगायतले आ-आफ्ना विचार व्यक्त गरेका थिए ।

# सम्पादकीय .........

www.bhanjyangnews.com

## जोखिमपूर्ण यात्रा

पृथ्वीराजमार्ग अन्तर्गत मुग्लिन–पोखरा खण्डलाई छ लेनको बनाउने कार्य अहिले तीब्ररूपमा अगाडि बढेको छ । तनहुँको आँबुखैरेनी गाउँपालिकाको आँबुखैरेनी–जामुने पूर्वीखण्ड र जामुने–पोखरा पश्चिमखण्डमा विभाजन गरी सडकको स्तरोन्नती कार्यलाई तीब्रता दिइएको छ । सडकको कामलाई तीब्रता दिएसंगै अहिले राजमार्गको यात्रा जोखिमपूर्ण बन्दै गएको छ । गत साउनको दोस्रो हप्ता पृथ्वीराजमार्गस्थित व्यास–१ तालघारेमा घाँसिकुवाबाट दमौलीतर्फ आउँदै गरेको ग२०प ११२३ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना भयो । गत मंसिर २९ गते राजमार्गकै म्याग्दे गाउँपालिका–६ अकलामन्दिर नजिकै नारायणगढबाट बाग्लुङतर्फ जादै गरेको ग१ख ५५२५ नम्बरको बस आफै अनियन्त्रित भई सडकको नालीमा पल्टन पुग्यो । आर्थिक वर्ष २०७७/०७८ बाट राष्ट्रिय राजमार्गको स्तरोन्नती कार्यक्रम अन्तर्गत साविक दुई लेनको मुग्लिङ–पोखरा सडक खण्डलाई चार लेनमा विस्तार गर्न लागिएको छ । राजमार्ग बिस्तारको लागि सडक चौडा बनाउने क्रममा माटो सडकमा थुप्रिएको र धुलो नउडोस भनि पानी हाल्दा सडक हिलम्मे हुँदा राजमार्गको यात्रा जोखिमपुर्ण बन्न पुगेको छ ।

गत मंसिरको पहिलो हप्ता व्यास–१२ घाँसीकुवा सडकखण्डमा निशा थापा दुर्घटनामा परिन । बाटो चिप्लो भएको कारण उनको स्कुटर आफै अनियन्त्रित भई नालीमा पल्टन पुग्यो । सडकमा फुको माटो छ, त्यहीमाथी पानी हाल्दिदा टायर चिप्लिएर समाल्नै नसकिने अवस्था हुँदा राजमार्गको यात्रा जोखिमपूर्ण बनेको उनि बताउँछिन् । राजमार्ग बिस्तार कार्य अगाडि बढेदेखि दुई पांग्रे सवारी चालकले ज्यान जोखिममा राखेर यात्रा गर्नुपर्ने बाँध्यता भएको छ । सदरमुकामबाट ९ किलोमिटर पर रहेको देउराली भन्ने ठाउँमा उनको बसोबास छ । कार्यस्थल दमौली भएकाले दैनिकजसो स्कुटरबाट ओहोरदोहोर गर्नुपर्ने उनको बाँध्यता छ । पहिला १५ मिनेटमा घर पुग्ने गरेपनि अहिले सडकको अवस्था दयानीय छ, अफिसबाट घर पुग्न कम्तिमा पनि ३५ मिनेट लाग्ने र त्यहीमाथी बाटो चिप्लो हुँदा निकै सम्हालिएर चलाउनुपर्ने भएको छ । राजमार्ग विस्तारका क्रममा भएका कामले दैनिकजसो सानोतिनो दुर्घटना भइरहने जिल्ला ट्राफिक कार्यालय तनहुँले बताउने गरेको छ । बाटो चिप्लो हुँदा दैनिकजसो ५/६ वटा दुई पांग्रे सवारी साधान पल्टिरहेका हुन्छन् । गम्भिर प्रकृतिको घटना नभएपनि अहिले दुईपांग्रे सवारी साधान सञ्चालनमा निकै जोखिमपूर्ण बन्दै गएको छ । बाटो चिप्लो भएको कारण पनि चालकले सावधानी अप्नाएर सावरी साधन चलाउनुपर्ने अवस्था सृजना भएको छ । राजमार्गको आँबुखैरेनी–दुलेगौडा खण्डको यात्रा अहिले जोखिमपुर्ण नै रहेको छ ।

पछिल्लो समय घाम नलाग्ने ओसिलो ठाउँमा बढि दुर्घटनाको जोखिम छ । निर्माणाधिन सडकको अवस्था, मानवीय गल्ति, चालकको लापर्वाही र मादकपदार्थ सेवन गरी सावारी साधान चलाउदा दुर्घटना बढि हुने भेटिएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयको तथ्याङ्क अनुसार चालु आर्थिक वर्षको मंसिरसम्म ३७ वटा सडकदुर्घटना भएका छन् । जसमा १२ जनाको मृत्यु भएको छ भने २५ जना गम्भिर घाइते भएका छन् । दुर्घटनामा १८ जना मोटरसाइकल प्रयोगकर्ता परेका छन् । आर्थिक वर्ष २०७६/७७ मा भएको ९७ दुर्घटनामा ४४ जनाको मृत्यु भएको थियो, ६३ जना गम्भिर घाइते र ८५ जना सामान्य घाइते भएका थिए । आर्थिक वर्ष २०७७/०७८ मा भएको १३० वटा दुर्घटनामा ४८ जनाको मृत्यु भयो भने ७६ जना गम्भिर घाइते भएका थिए । यसैगरी आर्थिक वर्ष २०७८/७९ मा भएको एक सय वटा दुर्घटनामा ४९ जनाको मृत्यु भयो भने ६४ जना गम्भिर घाइते भएको ट्राफिक प्रहरी कार्यालय तनहुँको तत्थांकमा उल्लेख गरिएको छ । यसरी दुर्घटना हुनेमा अधिकांश मोटरसाइकल रहेका छन् । निर्माणाधिन राजमार्गको यात्रालाई सुरक्षित बनाउन निर्माण व्यवसायी, सवारीचालक, यात्रु तथा अन्य सरोकारवाला निकायले आवश्यक सावधानी अपनाउनुपर्ने देखिएको छ ।

# अस्तव्यस्त सडकमा 'पहेंलो' बस, चालकदेखि विद्यालयसम्मले ध्यान दिनुपर्ने कुरा के छन् ?

♦ स्वेच्छा राउत

दिउँसोको चार बज्यो। साबिकमा छोरा विद्यालयबाट घर फर्कने बेला भइसकेको थियो। तर, त्यस दिन काठमाण्डूका केशवप्रसाद दाहालका छोरा घर आइपुगेनन्। बरू निकै अप्रिय खबर आयो। कसैले फोनमार्फत उनलाई भन्यो 'स्कुल बसको झ्यालबाट तपाईँको छोराले टाउको निकालेछ। रूखमा ठोक्किएर घाइते भयो। अस्पताल लिएर जाँदै छौँ ।'

दाहालले ठानेका थिए– सधैँजस्तै सामान्य चोटपटक लाग्यो होला। महाराजगन्जस्थित शिक्षण अस्पताल पुगेपछि मात्र थाहा पाए उनका १२ वर्षीय छोराको अवस्था गम्भीर रहेछ। अचेत उनलाई त्यहाँ भेन्टिलेटरमा राखिएको थियो। डाक्टरहरू भन्दै थिए– 'हामी तपाईँको छोरालाई ठीक पार्न सक्दो प्रयास गर्दैछौँ ।' तर, चिकित्सकीय प्रयास विफल भयो। दुर्घटना भएको १२ घण्टा नबित्दै डाक्टरले उनलाई मृत घोषित गरे ।

जिल्ला प्रहरी परिसर काठमाण्डूका एसपी दिनेशराज मैनालीका अनुसार उक्त बस करिब साढे तीन बजे विद्यार्थीहरूलाई घरघरमा छोड्न निस्किँदै थियो । 'सुन्नेका लागि यो एउटा दुर्घटनाको खबर मात्र हो तर हामीले सन्तान गुमाएका छौँ। यो कत्रो क्षति हो कसैले महसुस गर्न सक्दैनन्', दाहालले बीबीसीसँग भने । स्कूल व्यवस्थापनले घटना भएपछि सामान्य रूपमा सहानुभुति समेत प्रकट नगरेको र प्रहरीले पनि दुई दिनसम्म जाहेरी लिन नमानेको उनी बताउँछन् ।



**दुर्घटनाले पारेको मनोवैज्ञानिक असर**

घटना भएयता दाहाल उनकी श्रीमती र कान्छो छोरालाई लिएर घर फर्कन सकेका थिएनन्। उनीहरू आफन्तकोमा बसेका थिए। 'हरेक कुरा छोरासँगै जोडिएका छन्। देखेपछि सहनै सकिँदैन। झन् ३ वर्षको भाइले 'दादा कहिले आउनुहुन्छ?' भनेर सोध्दा के जवाफ दिने?', उनी प्रश्न गर्छन् । विद्यालयको बसका कर्मचारीले राम्रोसँग निगरानी नगरेको र उनीहरूको गैर जिम्मेवारीका कारण आफ्नो छोराको ज्यान गुमेको दाहालको आरोप छ। सम्बन्धित विद्यालयले 'दुर्घटना भएको' स्वीकार्छ। यद्यपि, बीबीसीले घटनाक्रमबारे जानकारी माग्दा त्यहाँकी व्यवस्थापकले 'समस्याको समाधान भइसकेको र आफूले यस विषयमा थप प्रतिक्रिया दिन नमिल्ने बताइन् ।'

पीडित परिवारमा परेको पीडा र समस्या भने गुनासो वा आरोपमा सीमित छैन । केशवका भाइ सुशीलका ९ वर्षीय छोरा र ७ वर्षीया छोरी पनि सोही विद्यालयमा पढ्थे। घटना हुँदा उनीहरू त्यही बसमा सवार थिए। जब एउटै घरमा, सँगै खेलेर हुर्किएका दाजु अब कहिल्यै फर्कँदैनन् भन्ने थाहा पाए तब उनीहरू दोहोऱ्याएर त्यही स्कुल बस चढ्न मानेनन्। त्यही स्कुल जान मानेनन्।

'परिवारकै सल्लाहमा घर नजिकैको बस चढ्न नपर्ने विद्यालयमा भर्ना गरिदियौँ। तर उनीहरूले पढ्न सकेका छैनन्। पहिलेजस्तो खेल्ने, बोल्ने पनि गर्दैनन्। निकै सुस्त भएका छन्', दाहालले सुनाए । उनीहरूको समस्यालाई घटनाक्रमले पारेको मनोवैज्ञानिक असरको रूपमा व्याख्या गर्छन् मनोपरामर्शविद् डा. डम्बरराज भट्ट । 'हरेकको व्यक्तित्व र स्वभाव अनुरूप असरको मात्रा फरक पर्छ। केहीलाई भने यो वर्षौसम्म आघातको रूपमा रहन सक्छ', उनले भने ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जारी गरेको स्कुल बस निर्देशिका, २०७४ का अनुसार स्कुल बसको सबै झ्यालमा कम्तीमा तीनवटा तेर्सो फलामे वा आल्मुनियमको ग्रील राख्नुपर्ने प्रावधान छ। उक्त प्रावधान विपरीत बस सञ्चालन गरिएकाले भयावह दुर्घटना प्रेरित भएको हुनसक्ने पीडित परिवार बताउँछ । बालबालिका सवार गाडीका कर्मचारी र विद्यालय प्रशासनले हरेक बच्चाप्रति 'जिम्मेवार र संवेदनशील' महसुस नगरे यस्ता घटनाहरू बढ्न सक्ने दाहालको चिन्ता छ।

**मापसे गरेरै स्कुल बस हाँक्नेहरू**

स्कुल बसको सुरक्षा चिन्ता केशव दाहाल वा कोही एक व्यक्तिसँग मात्र सम्बन्धित विषय भने होइन । गत कार्तिक २५ गते जुम्ला, चन्दननाथ नगरपालिका–९ मा स्कुल बसले ठक्कर दिँदा एक जना बालकको मृत्यु भएको थियो। त्यस्तै यसै वर्ष मंसिर महिनामा धनुषा जनकपुरधाम उपमहानगरपालिका वडा १ मा स्कुलको बसको ठक्करबाट पुजारीको ज्यान गयो। काठमाण्डू उपत्यका ट्राफिक प्रहरी कार्यालयको एक तथ्याङ्कले झन् अर्को भयावह जोखिम चित्रण गर्छ। जसका अनुसार पछिल्ला तीन महिनामा २६ जना स्कुल बसका चालकहरू मादक पदार्थ सेवन गरेर सवारी हाँकेकै कारण कारबाहीमा परेका छन्। गत साउन ८ गतेदेखि ट्राफिक प्रहरी कार्यालयले ट्राफिक नियम उल्लङ्घन गर्ने विभिन्न विद्यालयका सवारी साधन चालकहरूलाई कारबाही तथा सचेत गराउने अभियान चलाउँदै आएको छ।

आम मानिसको गुनासो सम्बोधन गर्न र स्कुल बस निर्देशिका कार्यान्वयनका लागि त्यस्तो अभियान सुरू गरेको बताउँछन् कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्ट । 'अभिभावकहरूले विद्यालयका बसहरू तीव्र गतिमा हुइँकिएको र कतिपयले मादक पदार्थ सेवनगरी गाडी चलाएको गुनासो गरेपछि मापसे जाँचलाई अभियानकै रूपमा अघि बढाएका हौँ', उनले जानकारी दिए । यस्ता गतिविधिले सयौँ बालबालिका सुरक्षा जोखिममा रहने उनको भनाइ छ । ट्राफिक प्रहरीले कारवाहीमा परेका चालकलाई जरिवाना तिराएर एक घण्टा लामो सचेतना कक्षामा सहभागी गराउँछ । यद्यपि, उनीहरूलाई पुनः विद्यार्थी बोक्ने गाडी चलाउन दिने या नदिने भन्ने निर्णय भने सम्बन्धित विद्यालयकै हुने भट्टले बताए । उनले भने, 'प्रशासनिक कारबाही सम्बन्धित विद्यालयले गर्छ। हामीले चाहिँ मापसेसँगै अन्य सुरक्षा जाँचमा कडाइ गरेका छौँ ।'

निजी तथा आवासीय विद्यालयहरूको छाता संगठन प्याब्सनका अध्यक्ष डीके ढुङ्गानाका अनुसार कारबाहीमा परेका चालकहरूसँग प्रत्यक्ष भेटगरी उनीहरूलाई सचेत गराइएको थियो । त्यस्तै सम्बन्धित विद्यालयका प्रतिनिधिहरूलाई 'कुनै पनि सर्तमा मादक पदार्थ सेवन गरेकालाई विद्यालयको गाडी चलाउन नदिन र त्यसो गरेको पाइएमा निष्कासन गर्न' निर्देशन दिएको उनले बताए। 'जस्तोसुकै परिस्थितिमा पनि विद्यालयका कर्मचारीले त्यस्तो गैरजिम्मेवारपूर्वक काम गर्नु हुँदैन', ढुङ्गानाले भने ।

**दुर्घटनासँगै दुर्व्यवहारको त्रास**

स्कुल बस चलाउनेदेखि सहचालकहरूको लापरबाही तथा गैर जिम्मेवारपूर्ण व्यवहारका कारण दुर्घटना मात्र नभई अन्य आपराधिक गतिविधिसमेत प्रेरित भएको बताउँछन् अभिभावक सङ्घ नेपालका अध्यक्ष केशव पुरी। विभिन्न उमेर समूहका विद्यार्थीहरूले आफ्ना अभिभावकमार्फत् स्कुल बसको तीव्र गतिका कारण आफूलाई गाडी चढ्न डर लाग्नेदेखि चालक/सहचालकले अश्लील शब्द बोलेको, दुर्व्यवहार गरेकाजस्ता घटनाबारे सुनाएको उनले जिकिर गरे।

उनले भने, 'विद्यार्थीले ज्यानै गुमाउनेदेखि मनोवैज्ञानिक रूपमा निराश र त्रसित बनाउने काम भएका छन्। तर स्कुल बसको सुरक्षा नियमन गर्ने निकायहरू व्यवहारिक भएनन्। यस विषयमा सरोकार राख्नेहरूले जटिल समस्यालाई पनि गम्भीर रूपमा लिएका छैनन्।' बालबालिकाको सुरक्षा अभिभावकहरूको पनि भूमिका रहेपनि बिहान स्कुल बसमा चढेदेखि पुनः अभिभावकको जिम्मा नलगाएसम्म विद्यालय प्रशासनले जिम्मेवारी बहन गर्नुपर्ने उनको तर्क छ । उनी भन्छन्, 'काठमाण्डूको अस्तव्यस्त सडकमा गुड्ने स्कुल बसहरूमा बालबालिका घण्टौं जाम, धुवाँ र धुलो सहन बाध्य छन्। त्यसमाथि मानवीय त्रुटिहरू पनि उनीहरूले नै सहनु पर्दा शारीरिक र मानसिक रूपमै कति असर पर्ला? यसबारे मनन गर्न र हरेक मानिस संवेदनशील हुनुपर्छ ।' बीबीसी न्यूज नेपालीबाट

बन्दिपुर एफ.एम. प्रा.लि.द्वारा सञ्चालित
रेडियो बन्दिपुर ८८.८ मेगाहर्ज
मेरो पहिलो रोजाई Radio Bandipur 88.8MHz
बन्दिपुर–१, डुम्रेबजार, तनहुँ (प्रहरी चौकी नजिकै)
सम्पर्क : ०६५–५८०३२०, ५८०३६२, ९८५६०४२०८८, ९८५६०६०५००

छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-८, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

जिल्ला प्रशासन कार्यालय - ५६०१३३
जिल्ला समन्वय समिति - ५६०१७४
जिल्ला प्रहरी कार्यालय -५६०१९९/१००
व्यास नगरपालिका, दमौली - ५६०२३३
नेपाल रेडक्रस सोसाइटी - ५६०१६९
दमौली अस्पताल, दमौली - ५६०२०३
रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२
नेशनल एपोलो हस्पिटल - ५६१८११
एपोलो एम्बुलेन्स ९८४६४३५६११
लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७
जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५
व्यास नगर हस्पिटल : ५६१८१२

एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६
थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४
एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२,
आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४
नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६
नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२
एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१००
टिकट काउण्टर (माइक्रो), ५६०९०६
नेपाली कांग्रेस तनहुँ - ५६०३७५
नेकपा तनहुँ - ५६०१३४
आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६
भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४०

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
मनको डरले सताए पनि व्यवहारमा फाइदा हुनेछ । वादविवादबाट टाढा रहनुहोला ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
यात्राको प्रक्रियाले खर्च बढाउन सक्छ । शत्रु र प्रतिस्पर्धीसँग सम्झौता गर्नुपर्ला ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
सहयोगीहरूले साथ दिनेछन् भने मेहनतले सम्मानित स्थान पनि दिलाउनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
पहिलेका प्रतिस्पर्धीले समेत सहयोग तथा सहकार्यका हात अघि बढाउनेछन् ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
काम र जिम्मेवारी हात पार्ने मौका छ । तारिफयोग्य कामले धेरैको मन जित्न सकिनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
परिवारजनको साथले उत्साहित भइनेछ । प्रेम वा मित्रताको बन्धन कसिने समय छ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहोर्याउनुपर्ला । लेनदेनमा विवाद बढ्नेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
व्यापारमा प्रशस्त फाइदा हुनेछ । दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
आयआर्जनका स्रोत बढ्नेछन् र दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
कमीकमजोरीलाई पनि सुधार गर्ने मौका छ । मनग्य धन आर्जन हुनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
लगनशीलताले विभिन्न अवसर दिलाउनेछ भने निरन्तर लागिपर्दा अप्ठ्यारो कामसमेत बन्न सक्छ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
कामले उत्साह जगाउनेछ । सुखद समाचार सुन्न पाइनेछ । स्वास्थ्य सबल रहनेछ ।



**भैरव नृत्य :** पोखराको मुख्य बजार विरौटाचोकमा भैरव नृत्य प्रस्तुत गर्दै कलाकार । पुस १५ गतेदेखि शुरू भएको नाच चैत महिनाको मसान्तसम्म मागअनुसार विभिन्न चोकहरूमा प्रदर्शन गर्दै आएको भैरवनाच संरक्षण समिति पोखराले जनाएको छ । *तस्बिर : हरिप्रसाद बास्तोला/रासस*

# टर्कीए र सिरियामा भूकम्पमा मृत्यु हुने पन्ध्र हजारभन्दा बढी

**रासस/सिन्ह्वा/**दमासकास

टर्कीए र सिरियाको सीमा क्षेत्रमा गएको विनाशकारी भूकम्पमा परी मृत्यु हुनेको संख्या १५ हजार नाघेको अधिकारीहरूले जनाएका छन् । बिहीबार बिहानसम्मको प्राप्त तथ्याङ्कअनुसार सो भूकम्पमा परेर ज्यान जानेको सङ्ख्या दुवै देशमा गरेर १५ हजार तीन सय ८३ पुगेको छ । दुवै देशका सरकारी अधिकारी तथा उद्धारकर्मीले बिहीबार बिहान सार्वजनिक गरेको तथ्याङ्कमा सो जानकारी दिइएको समाचारमा जनाइएको छ । बिहीबार बिहानसम्म टर्कीएमा भूकम्पबाट ज्यान जाने नागरिक १२ हजार तीन सय ९१ जना पुगेका छन् । टर्कीएको बिपत व्यवस्थापन विभागलाई उद्धृत गर्दै सो समाचार दिइएको छ ।

त्यस भूकम्पबाट टर्कीएका धेरैको मृत्यु भएको बताइएको छ। टर्कीएका राष्ट्रपतिको कार्यालय स्रोतका अनुसार टर्कीएमा भूकम्पमा परी १२ हजार तीन सय ९१ जनाको मृत्यु भएको छ । यसअघि टर्कीको विपद् व्यवस्थापन निकायले ४४ हजारभन्दा बढी मानिस घाइते भएको जनाएको थियो । घाइतेलाई अस्पताल पुऱ्याइएको छ र अस्पतालमा नै मानिसको निधन भएका समाचारहरू आइरहेका छन्।

उता सिरियामा पनि सो भूकम्पमा परी बिहीबारसम्म ज्यान जाने व्यक्तिको संख्या एक हजार दुई सय नाघेको छ । त्यहाँ दुई हजार जनाभन्दा बढी व्यक्ति घाइते भएका छन् ।

टर्कीएको दक्षिणी प्रान्त कहरामनमारसमा स्थानीय समयअनुसार सोमबार बिहान ४:१७ बजे ७.७ म्याग्निच्यूडको भूकम्प गएको थियो भने त्यसको केही मिनेटपछि देशको दक्षिणी प्रान्त गाजियान्टेपमा ६.४ म्याग्निच्यूडको भूकम्प गएको थियो । त्यस्तै सोही दिन दिउँसो १:२४ मा ७.६ म्याग्निच्यूडको भूकम्प गएको थियो। टर्कीए र सिरियामा सोमबार गएका दुई ठूला र घातक भूकम्पको केन्द्रविन्दु रहेको कहरमानमारासमा उद्धारकर्मी जीवित व्यक्तिको खोजीका लागि जुटेका छन् । धेरै देश र विश्वव्यापी सहायता एजेन्सीले भूकम्प प्रभावित क्षेत्रमा उद्धार टोली र राहत सामग्री प्रदान गरिरहेका छन् ।

यसै क्रममा चिनियाँ उद्धार टोली पनि चार्टर्ड विमानबाट टर्कीएको भूकम्प प्रभावित क्षेत्रमा उद्धारकार्यमा सहयोग गर्न बुधबार अदाना विमानस्थलमा आइपुगेको छ । उता अमेरिकी अधिकारीहरूले पनि उद्धारको कामका लागि अमेरिकी टोली पठाइएको बताएकमा छन्। संयुक्त राष्ट्रसंघले पनि विभिन्न सहायता एजेन्सी पठाएर सहयोग गरिरहेको जनाएको छ ।

www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com,

# बजेट अभावले तातोपानी चिकित्सालय सञ्चालनमा बाधा

**रासस/**गलेश्वर

बजेट अभावले म्याग्दीको बेनी नगरपालिका-४ सिङ्गा तातोपानीमा प्राकृतिक चिकित्सालय सञ्चालनमा बाधा पुगेको छ । चिकित्सकको निगरानीमा औषधि प्रयोगबिना बिरामीको उपचार गर्ने गरी सञ्चालनमा ल्याएको उक्त चिकित्सालय बजेट अभावले समस्यामा छ ।

गत वर्ष असोजदेखि बिरामी भर्ना गरेर सेवा दिने तयारी भए पनि आन्तरिक र जनशक्ति व्यवस्थापन गर्न बजेट अभाव भएपछि चिकित्सालय सञ्चालनमा समस्या भएको तातोपानी कुण्ड व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द्रमान शाक्यले बताउनुभयो । पर्यटन मन्त्रालयको रू ५० लाख तथा तातोपानी कुण्ड व्यवस्थापन समितिको रू एक करोडमा पाँचतले भवन निर्माण गरिएको छ । "भवन निर्माण गर्दा लागेको रू ६९ लाख ऋण तिर्न बाँकी छ", उहाँले भन्नुभयो- "विभिन्न चरणमा उपभोक्ता समितिमार्फत भवन निर्माण गरिएको हो ।"

कोरोना महामारीका कारण तातोपानी कुण्ड सञ्चालन नहुँदा आम्दानीको स्रोत गुमेपछि बेनीस्थित एक सहकारीबाट रू ६९ लाख ऋण लिएर उपभोक्ता समितिलाई भुक्तानी गरिएको शाक्यले बताउनुभयो । प्रदेश सरकारले विनियोजन गरेको रू ५० लाख बजेटबाट नगरपालिकामार्फत चिकित्सालयका लागि आवश्यक उपकरण र सामग्री खरिद गरिएको छ । योगा, फिजियोथेरापी, हाइड्रोथेरापी, अक्कुपञ्चर र परामर्शकक्ष निर्माण गरिएको छ ।



चिकित्सालय सञ्चालन नहुँदा खरिद गरिएका उपकरण थन्किएका छन् । "चिकित्सालय सञ्चालनका लागि प्रशासन र नगरपालिकालाई गुहारेका छौँ", उहाँले भन्नुभयो- "बजेटका लागि स्थानीय, प्रदेश र संघीय सरकारसँग माग गरेका छौँ ।"

म्याग्दी नदीको किनारमा जमिनभित्रबाट निस्कने तातोपानी संकलन गरि तलाउमा परम्परागत शैलीमा शरीर डुबाएर गर्दै आएको प्राकृतिक उपचारलाई व्यवस्थित र प्रभावकारी बनाउन चिकित्सालय बनाइएको हो । चिकित्सालयमा जलचिकित्सा, मसाजथेरापी, योगाथेरापी, पोषणथेरापी, अकुपञ्चर र परामर्शको माध्यमबाट औषधिको प्रयोगबिना विभिन्न नसर्ने रोगबाट थलिएका बिरामीको उपचार गरिन्छ।

तातोपानीमा उपचार गराएमा ग्यास्ट्रिक, बाथरोग, ढाड दुख्ने, छाला, सुन्निएको, बज्रिएको, मर्किएको, पेट दुख्ने, खाना रूचि नहुनेलगायत स्वास्थ्य समस्या निको हुने बिरामी बताउँछन्। तातोपानी कुण्डमा पुरूष र महिलाका लागि फरक-फरक समयतालिका बनाइएको छ। कुण्डमा विशेषगरी असोज, कात्तिक, माघ, फागुन र चैतमा सर्वसाधारणको घुइँचो लाग्छ। कुण्डको आम्दानीबाट कर्मचारीको पारिश्रमिक, व्यवस्थापन, पूर्वाधार निर्माणका साथै स्थानीय सरस्वती माविका ११ निजी स्रोतका शिक्षकलाई तलबभत्ता उपलब्ध गराउने गरिएको कुण्ड व्यवस्थापन समितिका सहसचिव कुमार केसीले जानकारी दिनुभयो ।

# गैंडाकोटलाई महाभारत पर्वत शृंखलामा राख्न माग

**रासस/**नवलपुर

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोट नगरपालिकालाई चुरे क्षेत्रबाट हटाउन आवश्यक प्रक्रिया अघि बढाइएको छ । यसका लागि सो नगरपालिकाले संघीय सरकारलाई आग्रह समेत गरेको छ । हाल महाभारत पर्वत शृंखलामा रहेको सो नगरपालिकालाई चुरे क्षेत्र भनेर कायम गरिएको जनाइएको छ। गैंडाकोट नगरपालिकाले महाभारत क्षेत्रमा कायम गर्न संघीय सरकारलाई सिफारिस गरी पठाउने प्रस्ताव नगर सभाबाट पारित गरिएको छ ।

गैंडाकोट नगरपालिका महाभारत पर्वत क्षेत्रमा नै पर्ने भएकाले नगरकार्यपालिका सदस्यहरूलेसमेत महाभारत क्षेत्रमा राखिनुपर्ने आवाज उठाएका थिए। चुरे क्षेत्रबाट हटाउन संघीय सरकार समक्ष सिफारिस गरी पठाउने प्रस्ताव आठौँ नगर कार्यपालिकाले निर्णय गरेको थियो। सो प्रस्ताव नगर सभाले अनुमोदन गरेपछि गैंडाकोटलाई चुरेबाट हटाउन सिफारिस गरिएको हो ।

चुरे क्षेत्र राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समिति मातहतमा रहेको छ। 'करिब चार करोड वर्ष पहिले हिमालयको उत्पत्तिको क्रममा नदीजन्य पदार्थ थुप्रिएर बनेको सबैभन्दा कान्छो पहाड नै चुरे शृंखला हो' भनेर परिभाषित गरिएको छ। यो नेपालको पूर्वमा इलामदेखि पश्चिममा कञ्चनपुरसम्म ३७ जिल्लामा फैलिएको छ ।

तराईको कूल भू-भागको १२.७८ प्रतिशत चुरे क्षेत्रमा पर्ने राष्ट्रपति चुरे-तराई-मधेश संरक्षण विकास समितिले जनाएको छ । अधिकांश ठाउँमा तराईको भू-भाग सकिएर माथि उठेको भू-भाग तथा महाभारत क्षेत्रको भू-भागबाट ओर्लिंदा भेटिने अन्तिम पहाडका रूपमा चुरे पहाड रहेको छ।

गैंडाकोटलाई चुरेमा राखिँदा नगरपालिकाले विकास निर्माणमा झन्झटिलो भएको, सामुदायिक वनले काठ कटान गर्न नपाएको, नगरकै विकासका लागि चुरे क्षेत्रबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा निकाल्ने प्रक्रियामा झन्झट भएको बताउँदै आएको छ ।

विकास निर्माण र प्रक्रियामा झन्झटिलो भएका कारण गैंडाकोटलाई महाभारत क्षेत्रमा कायम गर्न सरकारलाई सिफरिस गर्ने निर्णय गरिएको गैंडाकोट नगरपालिकाका प्रवक्ता शिवकान्त तिवारीले जानकारी दिनुभयो। उपभोक्ता समितिलाई असहज भएकोले पनि महाभारत क्षेत्रमा राख्न सङ्घीय सरकारलाई सिफारिस गर्न लागिएको गैंडाकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम रिजालले बताउनुभयो ।

स्थानीय सरकारको अधिनमा पालिकास्तरमा विकास निर्माणकार्य प्रभावकारी रूपमा परिचालन गर्न सकियोस् भन्ने हेतुले नगर सभाले महाभारत पर्वतमा पार्न पारित समेत गरेको उहाँले बताउनुभयो ।

चुरेबाट हटाएर महाभारत पर्वत शृंखलामा पार्न अन्तरपालिका समन्वयका आधारमा निर्णय गरिएको उहाँको भनाइ छ । यद्यपि देवुचुली र कावासोती नगरपालिकाले भने सो निर्णय गरिसकेका छैनन् । देवुचुलीका प्रमुख प्रशासकीय अधिकृत मोहाप्रसाद मारासिनीले देवचुलीले सोबारे निर्णय गरिनसकेको बताउनुभयो । कावासोतीका प्रमुख प्रशासकीय अधिकृत पिताम्बर पाण्डेले अहिले नै सोबारे निर्णय नगरेको बताउनुभयो ।

यस क्षेत्रमा सामान्यतया पूर्णरूपमा नखाँदिएको खुकुलो पत्रे चट्टान भएको र महाभारतबाट बग्ने नदीहरू यही चुरे क्षेत्र भई तराईतर्फ बग्ने हुँदा प्राकृतिक रूपले यो क्षेत्र अत्यन्त संवेदनशील रहेको समितिले बताएको छ । औलो उन्मुलन पश्चात चुरे तथा भावर क्षेत्रमा मानव बस्ती विस्तार हुँदै जाँदा आवादी र खेतीका लागि वन जङ्गल फाँड्ने क्रम बढेको भन्दै त्यसलाई रोक्न सरकारले चुरे संरक्षणलाई अभियानका रूपमा सञ्चालन गर्दै राष्ट्रपति चुरे संरक्षण कार्यक्रम सुरूआत गरेको थियो ।

विशेषज्ञ चिकित्सकहरुद्वारा स्वास्थ्य परीक्षण सम्बन्धी सूचना

फागुन ५ गते शुक्रबार

१) काठमाडौं गंगालाल हस्पिटलका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी ढुंगाना**द्वारा स्वास्थ्य परिक्षण गरिन्छ । मुटुका धेरै रोगहरु हुन्छन् र प्रत्येक रोगका आफ्नै प्रकारका लक्षणहरु पनि हुन्छन् । मुटुरोगका अनगिन्ती लक्षणहरुमध्ये सबैले थाहा पाइराख्नुपर्ने जम्मा १२ वटा प्रमुख लक्षणहरु छन् । समयमै यी लक्षणहरू थाहापाई उपचार गर्न सकेको खण्डमा ठूलो दुर्घटनाबाट बच्न सकिन्छ ।

१) छातीको बिच भागमा दुख्ने, २) दम बढने ३) खुट्टाहरू सुनिने, ४) घाटीको रक्त नली फुल्ने, ५) ओठ, जिब्रो, औलाका टुप्पा निलो हुने, ६) औलाका टुप्पाहरू बाक्ला र चाक्ला हुने, ७) टाउको दुख्ने चक्कर लाग्ने, ८) मुटुको धड्कन रोकिने वा छिट्टो चल्ने, ९) कफमा रगत देखा पर्ने, १०) जोर्नीहरू दुख्ने, सुनिन्ने र ज्वारो आउने, ११) हात, खुट्टा, ओठ आदीमा झडका दिदै अनियन्त्रित रूपमा चल्ने, १२) छातीमा हात राख्दा बिरालो कनेको जस्तो थर्केको महसुस हुने ।

२) काठमाडौं वीर अस्पतालका वरिष्ठ न्युरो सर्जन तथा नशा रोग विशेषज्ञ **डा. ध्रुबराज अधिकारी**द्वारा स्वास्थ्य परिक्षण गरिन्छ ।

फागुन १३ गते शनिबार

१) पोखरा गण्डकी मेडिकल कलेज र मधुमेह तथा थाइरोइड उपचार केन्द्रका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर), थाइरोइड तथा इनडोक्राइनोलोजिष्ठ **डा. तिर्थलाल उपाध्याय** आउँदै हुनु हुन्छ । रोगसँग सन्बन्धित बिरामीहरूले सम्पर्क राखी सेवा लिनुहोस् ।

२) पोखरा मणिपाल तथा मेडीप्लस हस्पिटलका वरिष्ठ स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. अन्जली सुवेदी** आउँदै हुनुहुन्छ रोगसंग संबन्धित बिरामीहरूले सम्पर्क राखी सेवा लिनुहोस ।

**रोगका लक्षणहरू :** तल्लो पेट दुख्ने, सेतो पानी बग्ने, चिलाउने, महिनावारी गडबडी हुने, स्तन दुख्ने र गाठागुठी आउने, पाठेघर तल झर्ने, पिसाब पोल्ने र गर्भवती महिलाको समय समयको जचाँउने साथै थाइरोइडको भएर गर्भवती भएका महिलाले पनि जाच गराउनु पर्ने भएकोले सम्पर्क राख्नुहोस् । साथै पाठेघरको पानीको जाच (Pap Smear) पनि गरिन्छ

३) पोखरा गण्डकी अस्पतालका वरिष्ठ रेडियोलोजिष्ट **डा. रोशन पंगेनी**द्वारा भिडियो एक्सरे सेवा ।

हाम्रा उपलब्ध सेवाहरू :

१) डा. सुशील वि.क.द्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) डिजीटल मेशिनद्वारा एक्स-रे सेवा, ४) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ५) नेबुलाइजर (वाफ) सेवा ६) मुटुको इसिजि सेवा ७) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ८) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ९) अब्जरभेसन सेवा १०) गुणस्तरीय फार्मेसी सेवा

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.

ब्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**घट्टमा मकै पिसानी :** नुवाकोटको किस्पाङ गाँउपालिका–३ स्थित खुर्मु खोलाको पानीश्रोतमा आधारित भएर काहुलेमा स्थापना गरिएको घट्टमा मकै मिसानी गरिदै । घट्टमा अन्नबाली पिसानी गर्न सहुलियत शुल्क र स्वास्थ्यका लागि हितकर मानिन्छ भने सञ्चालनका लागि कम लगानी भएसँगै यहाँको खोलामा दर्जन भन्दाबढी घट्ट सञ्चालनमा रहेका छन् । *तस्बिर : रामहरि न्यौपाने/रासस*

# गण्डकीमा स्वास्थ्य बीमा गर्ने आठ लाख

**रामबहादुर थापा**/गण्डकी

गण्डकी प्रदेशमा आठ लाखभन्दा बढीले स्वास्थ्य बीमा गरेका छन् । स्वास्थ्य बीमा बोर्ड प्रदेश कार्यालयका अनुसार हालसम्म आठ लाख छ हजार नौ सय ४१ जना स्वास्थ्य बीमामा आबद्ध भएका हुन् । बिमित परिवारको संख्या दुई लाख ७५ हजार ७६ पुगेको बोर्डका प्रदेश संयोजक महेश ठाकुरले जानकारी दिनुभयो ।

सरकारको सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत विसं २०७३ असारमा गण्डकीमै पहिलोपटक बागलुङबाट स्वास्थ्य बीमा सुरू भएको थियो । अहिले प्रदेशका ११ वटै जिल्लामा स्वास्थ्य बीमा कार्यक्रम लागू भएको छ । पछिल्लो पटक विसं २०७७ चैतदेखि हिमालपारिको जिल्ला मुस्ताङ र मनाङमा कार्यक्रम विस्तार गरिएको थियो । बोर्डको आकँडाअनुसार सबैभन्दा बढी कास्की जिल्लामा स्वास्थ्य बीमाको पहुँच पुगेको देखिएको छ । कास्कीका हालसम्म दुई लाख २२ हजार पाँच सय २४ जना स्वास्थ्य बीमामा जोडिएका छन् । यो प्रदेशको कूल जनसंख्याको ४५ प्रतिशत हो । सबैभन्दा कम मनाङमा चार सय ५९ जनाले स्वास्थ्य बीमा गरेका छन् ।

स्याङ्जामा एक लाख १७ हजार नौ सय १४, तनहुँमा एक लाख सात हजार आठ सय ९३, बागलुङमा ९० हजार ४२, गोरखामा ८५ हजार छ सय ६५, नवलपुरमा ८६ हजार एक सय ६५, गोरखामा ८५ हजार छ सय ६५, लमजुङमा ३१ हजार आठ, म्याग्दीमा २८ हजार सात सय ४५, पर्वतमा २८ हजार चार सय ४९ र मुस्ताङमा नौ सय २१ जना स्वास्थ्य बीमामा आवद्ध छन् ।

स्तरीय अस्पतालबाट सेवा लिन पाइने भएकाले कास्कीमा बीमा गर्नेको संख्या बढ्दो पाइएको हो । मनाङ र मुस्ताङमा ढिलो गरी कार्यक्रम लागू भएकाले बीमा गर्नेको संख्या न्यून देखिएको हो । ती जिल्लामा जनसंख्या पनि कम छ । बोर्डले चालु आवमा गण्डकीको ५० प्रतिशत जनसंख्यामा बीमाको पहुँच पुर्‍याउने लक्ष्य लिएको छ । हालसम्म कास्कीमा ४५, स्याङ्जामा ४१, बागलुङमा ३४, तनहुँमा ३३, गोरखामा ३२, नवलपुरमा २८, म्याग्दीमा २५, लमजुङमा १८, पर्वतमा १८, मनाङ र मुस्ताङमा समान सात प्रतिशत जनसंख्या स्वास्थ्य बीमा जोडिएको बोर्डले जनाएको छ ।

सत्तरी वर्ष नाघेका ज्येष्ठ नागरिक, गम्भीर प्रकृतिका दीर्घ रोगी, अतिअशक्त र गरिब परिचयपत्र पाएका परिवारको निःशुल्क स्वास्थ्य बीमा गर्ने गरिएको बोर्डका प्रदेश संयोजक ठाकुरले बताउनुभयो । गरिब पहिचान भएर परिचत्रपत्र पाएका बागलुङ, गोरखा र तनहुँका परिवारले मात्र निःशुल्क बीमाको सुविधा पाएका छन्।

सरकारले प्रदेशका अन्य जिल्लामा गरिब परिवार पहिचान गरेको छैन । "कैदीबन्दी, अनाथलय र आश्रममा रहने व्यक्तिलाई पनि स्वास्थ्य बीमामा जोड्न पहल भइरहेको छ", उहाँले भन्नुभयो, "सबै नागरिकलाई बीमाको पहुँचमा ल्याउने बोर्डको लक्ष्य छ ।"

बोर्डले बिमितलाई स्वास्थ्य सेवा उपलब्ध गराउन प्रदेशभित्र ५३ वटा अस्पताल तोकेको छ । पाँच जनासम्मको परिवारले वार्षिक रू तीन हजार ५०० को बीमा गरेबापत रू एक लाखसम्मको उपचार सेवा पाउँछन् । पाँच जनाभन्दा बढीको परिवार भएमा प्रतिसदस्य रू सात सय थप्नुपर्ने प्रावधान छ । ठूलो परिवारले रू दुई लाखसम्मको उपचार सेवा पाउने बोर्डको भनाइ छ ।

बोर्डले तोकेको ११ सय ३३ प्रकारका औषधि, शल्यक्रियासहित जटिल रोगको उपचार पनि बीमाबाट हुने संयोजक ठाकुरले उल्लेख गर्नुभयो। स्वास्थ्य बीमा कार्यक्रम लागू भएपछि अस्पतालमा बिरामीको पनि चाप बढ्दो छ । बागलुङस्थित धवलागिरि अस्पतालका स्वास्थ्य बीमाका स्रोत व्यक्ति भरत सापकोटाले अस्पतालमा आउने दैनिक बिरामीमध्ये ६० देखि ७० प्रतिशतले बीमाको सुविधा लिने गरेको बताउनुभयो । "हर्निया, पित्तथैली, एपेन्डिस आदिको शल्यक्रियादेखि बहिरङ्गका अधिकांश सेवा बीमा गरेका व्यक्तिले पाउँछन्", उहाँले भन्नुभयो, "स्वास्थ्य बीमा सुरू भएपछि अस्पतालमा बिरामीको चाप पनि बढ्दो छ ।"

गत साउनदेखि पुस मसान्तसम्ममा बीमामा जोडिएका २१ हजार छ सय जनाले धवलागिरि अस्पतालबाट सेवा लिएको जनाइएको छ । जनआन्दोलनका घाइते, बेपत्ताभएका व्यक्ति, द्वन्द्वप्रभावित, 'ख' वर्गको अपाङ्गता भएका व्यक्ति र नियमित डायलासिस गर्नुपर्ने बिरामीका परिवारको पनि निःशुल्क स्वास्थ्य बीमा गर्न सुरू गरिएको छ। प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको वार्षिक कार्यक्रमअन्तर्गत लक्षित समूहमा निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम लागू भएको हो ।

अपाङ्गता परिचयपत्र, डायलासिस गर्नुपर्ने बिरामीको अस्पताल रिपोर्ट, द्वन्द्वप्रभावित, जनआन्दोलनका घाइतेको परिचयपत्र, परिचयपत्र नभए जिल्ला प्रशासन कार्यालयको सिफारिसका आधारमा बीमा दर्ता हुने गरिएको छ ।वडा तहमा खटिएका दर्ता सहयोगीमार्फत बीमा दर्ता हुने गरेको बागलुङ बीमा बोर्डका संयोजक दिनेश जिसीले बताउनुभयो ।

स्वास्थ्य बीमाको महत्वबारे बुझाएर परिवार र तिनका सदस्यलाई बीमामा जोड्ने गरिएको छ । पहिलो वर्ष बीमा गरेका कतिपय बिमितहरूले अर्को वर्ष नवीकरण नगर्ने गरेको पनि पाइएको जिल्ला संयोजक जिसीको अनुभव छ । सरकारले गरिब परिचयपत्र सबै जिल्लामा उपलब्ध गराउन सके गरिब तथा विपन्न परिवारले लाभ उठाउने देखिन्छ । स्वास्थ्य बीमाको प्रभावकारिता बढाउन जनस्तरमा सचेतनाको पनि खाँचो छ। स्वास्थ्य सेवामा नागरिकको सहज पहुँचका लागि सुरूमा बागलुङ, इलाम र कैलालीमा स्वास्थ्य बीमा कार्यक्रम लागू भएको थियो । अहिले ७७ वटै जिल्लामा उक्त कार्यक्रम पुगेको छ । रासस


## विज्ञापन व्यवसायमा पारदर्शिता कायम गरौं

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं ।
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं ।
- सञ्चारमाध्यमबाट जारी विजकको आधारमा एजेन्सीको सेवा शुल्क खुलेको बीलबाट मात्र भक्तानी गरौं, गराऔं ।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं ।
- विज्ञापन कारोबारमा विवाद भए विज्ञापन बोर्डमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


facebook twitter

**सविन के.सी**

twitter.com/kcsabin2014
ठुला–ठुला आशाले, होईन स–साना खुशीले रंगिन बनिदिन्छ जिवन ! र पनि त्यही स–साना खुसिको लागि ठुला ठुला आशाको दियालो बाल्नै पर्ने हुन्छ ! आखिर जीवन एक संघर्ष न हो ! संघर्षको दौरानमा आसा माथिको भरोसाले नै मानवलाई मजबुद बनाउदै लैजान्छ।

**कोइन्च**

twitter.com/K0inch
बुझ्नुहोस् कि तपाईंको संसार केवल तपाईंको प्रतिबिम्ब हो र प्रतिबिम्बको साथ गल्ती खोज्न बन्द गर्नुहोस् । आफैंमा सही हुनुहोस् र आफैलाई सही बाटोमा चल्न मानसिक र भावनात्मक रुपमा तयार गर्नुहोस ॥

**कृषा के.सी**

twitter.com/krishakc2
शुरुवात शुन्यबाटै हुन्छ, एकमा जति शुन्य थप्यो उति त्यसको मूल्य बढ्छ । शुन्य अन्तिम होइन शून्य शुरुवात हो, शून्य आफू मुल्यहिन भएर पनि अरूको मूल्य बढाउने शक्तिशाली नम्बर हो । त्यसैले शुन्यलाई कम नमान्नु ।

**सौगात**

twitter.com/saugat2075
विद्वानको काम हो सहि मार्ग देखाउने अनि सल्लाह दिने, समकक्षीको काम हो रमाइलो गर्ने अनि स्याबासी दिने, अल्पज्ञानीको काम हो प्रश्न गर्ने, अनि मुर्खले चाहिँ हरेक कुरामा आलोचना मात्रै गर्छन् ।

# ऐनापहराका ढुंगामा ........

ऐनापहरा झरना विकास भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले बताउनुभयो ।

"काठमाडौँ, चितवनबाट पोखरातर्फ आउने र पोखरातर्फ यात्रा गर्ने सर्वसाधारण सवारीसाधन रोकेरै ऐनापहरा झरनामा रमाउने गरेका छन्", उहाँले भन्नुभयो, "यात्राका क्रममा हुने थकान मेटाउने गन्तव्य बनेको छ भन्दा पनि हुन्छ।" यसका अलवा जिल्लाभित्रकै आन्तरिक पर्यटक पनि ऐनापहरा झरनामा आउने गरेका छन् ।

पृथ्वीराजमार्गअन्तर्गत मुग्लिन–पोखरा सडक विस्तारका लागि यतिबेला तनहुँ खण्डमा धमाधम काम भइरहेको छ । त्यसले गर्दा राजमार्गको यात्रा सकसपूर्ण छ । त्यसमाथि धुवाँ, धुलोले गर्दा सर्वसाधारणलाई समस्या भइरहेको छ । धुवाँ, धुलो र कष्टपूर्ण यात्राको थकान मेट्नका लागि ऐनापहरा झरना उपयुक्त माध्यम बनिरहेको छ ।

यहाँ स्काइ साइक्लिकिङ, सिसाको पुल बनाउने योजना गाउँपालिकाको छ । यस क्षेत्रमा सर्वसाधारणको सुविधाका लागि शौचालय गत वर्ष नै निर्माण भइसकेको छ । गर्मी मौसमका बेला झरनामा नुहाउन, थकान मेटाउन, भिडिओ, टिकटक बनाउन सर्वसाधारणको भीड लाग्छ । यसका अलावा चिसो मौसममा पनि यहाँ पुग्ने पर्यटकको उत्तिकै चाप रहने गर्दछ ।

तनहुँकै अग्लो महाभारत पर्वत शृङ्खला छिम्केश्वरीको फेदीमा अवस्थित सिउँढी खोलाको पानी बगेर झरनामा मिसिएको छ । ऐनापहरा झरनालाई व्यवस्थित बनाउन गाउँपालिकाले विस्तृत गुरूयोजना तयार गरेको जनाएको छ । यस ठाउँलाई व्यवस्थित गर्न विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) अनुसार रू १० करोड बजेट आवश्यक पर्छ । डिपिआर अनुसार यस ठाउँमा बुद्धको मूर्ति, रेलिङ, पार्किङलगायतका संरचना निर्माण गर्ने उल्लेख छ ।

# वायु प्रदूषणको ...........

सवारीसाधन समयसमयमा जाँच गर्ने, विद्युतीय सवारीसाधनको प्रयोगमा जोड, कृषि अवशेष र फोहरमैला जलाउन नहुनेलगायत काम गर्नुपर्ने उहाँको सुझाव थियो। सरकारी नीतिनियमको नागरिकले पालना गर्नुपर्ने उहाँको जोड छ ।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले सुन्दर र स्वच्छ पोखराको विशेषतालाई जोगाउन महानगरले नीतिगत पहल थालेको बताउनुभयो । पोखराको वायु प्रदूषण बढेको प्रति गम्भीर रहेको जनाउँदै उहाँले स्वच्छ वातावरणका लागि नीतिगतरुपमै कार्यक्रम तय गरिएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "हामीले पोखरालाई हरियालीयुक्त सुन्दर र समृद्ध बनाउने नीतिगतरुपमा विभिन्न कार्यक्रम समेटेको कार्यान्वयनका लागि अगाडि बढाएका छौँ ।" महानगरले धेरै पहिले नै ४० माइक्रोनभन्दा तलका प्लास्टिक प्रयोग नगर्ने भन्ने निर्णय गरेको भए पनि कार्यान्वयनमा समस्या देखिएको जनाउँदै उहाँले अब त्यसतर्फ पनि चासो दिएको बताउनुभयो । २० वर्षभन्दा पुराना सवारीसाधनको व्यवस्थापन साथै इलेक्ट्रोनिक सवारीसाधनका लागि यातायात व्यवसायीसँग छलफल भइरहेको उहाँले जानकारी दिनुभयो।

सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गत सहरी विकास र वातावरण सन्तुलन कायम गरी नागरिकको जीवनयापनमा सुधार ल्याउने कार्यक्रम रहेको र कोइकाको 'रिसाइकिल्ड' र 'अफसाइकिल्ड' करिब रू सात अर्बको वातावरणमैत्री योजना सञ्चालन हुन लागेको तथा करिब चार हजारलाई रोजगारी दिइने पनि प्रमुख आचार्यले जानकारी दिनुभयो।

प्रमुख आचार्यले चार ठाउँमा अटोपार्क बनाएर सेन्ट्रलाइज्ड गर्ने, वर्कसपलाई बस्तीभन्दा पाँच सय मिटर टाढा राख्ने र औद्योगिक क्षेत्रका लागि एक हजार छ सय रोपनी जग्गा नेपाल सरकारका नाममा ल्याएर वडा नं ३३ मा औद्योगिक क्षेत्र स्थापना गर्ने तयारी गरिएको जानकारी दिनुभयो । रासस

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का, **सल्लाहकार** : विश्वबन्धु भण्डारी ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः ०६५–५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :– विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४